# त्रिभुवन विश्वविद्यालय
# व्यवस्थापन संकाय, डीनको कार्यालय
# कीर्तिपुर ।

## एम.वि.एस. (MBS) /एम.पि.ए. (MPA) कार्यक्रम (सेमेष्टर प्रणाली) को प्रवेश परीक्षा-२०७८ सम्बन्धि संशोधित अत्यन्त जरुरी सूचना

**संशोधन मिति २०७८/०४/१७**

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय अन्तर्गतको सेमेष्टर प्रणालीमा आधारित Master of Business Studies (MBS) तथा Master of Public Administration (MPA) कार्यक्रम सञ्चालन भएका सम्पूर्ण क्याम्पस / कलेजहरुमा शैक्षिक वर्ष २०७७/०७८ (सन् २०२१) मा विद्यार्थी भर्ना कार्यक्रम देहाय अनुसार सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | |
|---|---|---|
| आवेदन फारम बुझाउने मिति | : | २०७८ असार २० गते देखि २०७८ साउन ३० गते सम्म |
| दोब्बर शुल्क सहित आवेदन फारम वितरण तथा संकलन | : | २०७८ साउन ३१ गते देखि २०७८ भाद्र ३ गते सम्म |
| प्रवेश परीक्षा | : | २०७८ भाद्र ५ गते, शनिबार |
| प्रवेश परीक्षा समय | : | विहान ८:०० बजे |
| प्रवेश परीक्षाको नतिजा प्रकाशन | : | २०७८ भाद्र ११ गते भित्र |
| विद्यार्थीको भर्ना हुने अन्तिम मिति | : | २०७८ भाद्र २१ गते सम्म |
| कक्षा संचालन | : | २०७८ भाद्र २२ गते देखि |

- आवेदन फारम यस संकायको **वेवसाइट www.tudoms. org** अनलाइन मार्फत भर्नु पर्नेछ । सो सम्बन्धी **Link www. fomecd. edu.np** बाट समेत उपलब्ध हुनेछ ।
- विद्यार्थीले आवेदन फारम बापत बुझाउनु पर्ने शुल्क आफूले चाहेको क्याम्पस/कलेजमा बुझाउनु पर्ने छ । उक्त शुल्क बुझाएको रसिद Online फारम बुझाउँदा अपलोड गर्नुपर्ने छ ।
- सम्बन्धित क्याम्पस/कलेजले उक्त फारमको विवरण र सो वापत बुझाउनु पर्ने शुल्क उक्त क्याम्पसबाट फारम भरेका विद्यार्थी संख्याका आधारमा एकमुष्ट रुपमा व्यवस्थापन संकाय, डीनको कार्यालयको ने.बै.लि.खाता नं. ०४५००१०००९९०६६०००००१ बुझाई उक्त भौचर मिति २०७८ साउन ३० गते सम्म प्राप्त आवेदनको हकमा २०७८ साउन ३१ गते साँझ ५ बजे भित्र र २०७८ भाद्र ३ गते सम्म प्राप्त दोब्बर शुल्क सहितको आवदेनको हकमा २०७८ भाद्र ४ गते दिउँसो १ बजे भित्र www.tudoms.org मा अपलोड गर्नुपर्ने छ ।
- परीक्षार्थीले आवेदन फारम बापत रु १५००।- (एक हजार पाँच सय) दस्तुर बुझाउनु पर्ने छ ।
- परीक्षा केन्द्र सम्बन्धी सूचना यस संकायको वेवसाइट **www.fomecd.edu.np/www.tudoms.org** मा पछि प्रकाशित गरिने छ ।

डीन